कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२ (कर्मचारी प्रशासन उपशाखा)
च.नं.:

अनुसूची-१५
(नियम ४७ को उपनियम (१) सँग सम्बन्धित)
तहमिलान/ पदस्थापन/ तहवृद्धिको सूचना
कोहलपुर नगरपालिका, लुम्बिनी प्रदेश, नेपाल
तहमिलान/ पदस्थापन/ तहबृद्धिका लागि आवेदन फाराम पेस गर्ने सूचना!
(सूचना प्रकाशित मिति २०८१/१२/२७)

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदबारहरुले तहमा तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा, ऐनको दफा ७ बमोजिम तह मिलान एवं ऐनको दफा १३८ बमोजिम पदस्थापनका लागि सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

क) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धिका लागि आवश्यक कागजात:

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

ख) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७ बमोजिम तह मिलानका लागि आवश्यक कागजात:

१. सक्कल निवेदन
२. शूरु पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी,
४. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

.................................
(मान बहादुर गिरी )
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, employee.admin@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun

ग) स्थानीय निजामती सेवा ऐन, २०८१ दफा १३८ बमोजिम पदस्थापनका लागि आवश्यक कागजातः

१. सक्कल निवेदन

२. मन्त्रालयको काज सरुवा सम्बन्धी पत्रको प्रतिलिपी

३. कार्यपालिकाको पदस्थापन सम्बन्धी निर्णय प्रतिलिपी

..............................
(मान बहादुर गिरी )
प्रमुख प्रशासकीय अधिकृत